नेपाल सरकार

अर्थ मन्त्रालय

महालेखा नियन्त्रक कार्यालय

# कुमारीचोक तथा केन्द्रीय तहसील कार्यालय

गोरखापत्र दैनिकमा २०७८/०६/१३ मा प्रकाशित सूचना

## सबै सरकारी निकायहरुलाई सरकारी बाँकी रकम असुल उपर गर्नु गराउनु हुन हार्दिक अनुरोध

कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयमा सरकारी बाँकी सरह असूल उपरको लागि लगत कायम भएका व्यक्ति , फर्म, कम्पनी वा संस्थाहरुलाई पटक पटक सरकारी बाँकी रकम भुक्तानी गर्नुहुन पत्राचार तथा सूचना गर्दा समेत अटेर गरी सरकारी बाँकी रकम नतिर्ने/नबुझाउने लगतवालाको तिनपुस्ते सहितको नामनामेसी विवरण www.kumarichowk.gov.np को सरकारी बाँकी शिर्षकमा प्रकाशित गरिएको छ । सरकारी निकायहरुले कुनै पनि व्यक्ति, फर्म, कम्पनी वा संस्थाहरुलाई कुनै पनि किसिमको रकम भुक्तानी गर्दा www.kumarichowk.gov.np/sarkari-baki.html मा रहेको सरकारी बाँकी रकम नबुझाउने व्यक्ति , फर्म, कम्पनी वा संस्था भएमा निजले पाउने रकमबाट सरकारी बाँकी रकम कट्टा गरी यस कार्यालयमा उपलब्ध गराइदिनुहुन आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ११४ को उपनियम (३) बमोजिम हार्दिक अनुरोध गर्दछु । यदि यो सूचनालाई वेवास्ता गरी (जानिजानी) त्यस्तो सरकारी बाँकी रकम असूल उपर नगर्ने नगराउने कार्य गरेको पाईएमा सोहि नियमावलीको नियम ११४ को उपनियम (४) बमोजिम त्यस्तो कार्यमा संलग्न कर्मचारीलाई प्रचलित कानून बमोजिम विभागिय कारवाहि गर्न सम्बन्धित निकायमा लेखि पठाईने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।